सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक

# शुभम सन्देश

Shubham Sandesh

National DAILY दैनिक

वर्षः ५ अंक १४२ २०८० साल, माघ २१ गते आईतबार Sunday 4 Feb, 2024 मूल्य रु. ५/- पृष्ठ : ४

## राजनितिक दबाबले वीरगंजका मेयर राजेशमान बुवा भएको रुबिना श्रेष्ठको नागरिकता छानबिनमा ढिलाइ :गगन थापा




वीरगंज ।

नेपाली कांग्रेसका महामन्त्री गगन थापाले सत्ता गठबन्धन दलमा आबद्ध भएकै कारण वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले आफनै छोरी बनाई रुबिना श्रेष्ठलाई २०७५ सालमा दिलाएको किर्ते नागरिकता छानबिन हुन नसकेको बताएका छन् ।

वीरगंजबाट प्रकाशित हुने अङ्कुश दैनिक पत्रिकाले २५ वर्ष पुरा गरेको अवसर मा शनिवार आयोजित रजत महोत्सव कार्यक्रमलाई सम्बोधन गर्दै कांग्रेस महामन्त्री गगन थापाले पछिल्लो समय राज्यले व्यक्ति र पद हेरेर फरक-फरक व्यवहार गरिरहेकाले मेयर सिंहको नागरिकता छानबिन हुन नसकेको बताएका छन् ।

उनले एउटा कुनै व्यक्तिले नागरि कतामा किर्ते गर्यो भने, त्यो नागरि कता किर्ते गर्ने व्यक्ति तत्काल थुनामा पुग्छ । तर कुनै व्यक्ति कुनै एउटा राजनीतिक दलमा छ वा पदमा छ भने, छुट पाइरहेको हुन्छ ।

त्यो राजनीतिक दलका नेताले अहिले गठबन्धनको बैठकमा बस्ने हैसियत राख्छ त्यही कारणले छुट पाएको हुन्छ । पहुँचका आधारमा यस्तो पनि स्टेट हुन्छ ?' पूर्वमन्त्री गगन थापाले प्रश्न गरे, 'राज्यका लागि त सबै बराबर हो यस्तो सवालमा जो गलत गर्छ, त्यसमा निर्धक्क रुपमा मिडियाले प्रश्न गर्न सक्नुपर्छ । ताकि मैले नक्कली नागरिकता बनाउनेलाई छुट दिएमा, मलाई सञ्चारमाध्यमले छोड्दैनन् । यो डर हुनुपर्छ, यो वातावरणको सिर्जना मिडियाले गर्नुपर्छ ।'

महामन्त्री थापाले राजनीतिक दलले गर्नुपर्ने सुधारका विषयहरूबारे चर्चा गरेका थिए । सबैलाई आ-आफ्नो ठाउँबाट सुधारको प्रयासको थालनी गर्यो भने देशमा व्यापक परिवर्तन हुने बताएका छन् । राजनीतिक, प्रशासनिकसहितका हरेक क्षेत्रमा देखिएका समस्याहरूबारे मिडियाले कलमबाट घच्घच्याइरहनुपर्ने उनको भनाई छ ।

पर्सा जिल्ला प्रशासन कार्यालयको नागरिकताको डाटाअनुसार २०७५ साउन १३ गतेको क्रमसंख्या ३ मा नागरिकता नम्बर ३४-०१-७५-८८८४७ राखिएको छ । जसमा नागरिकता लिने व्यक्ति २०५९ असार ३० गते जन्मिएकी रुबिना श्रेष्ठ हुन् । नागरिकताको सनाखत गर्ने व्यक्तिको नाम राजेशमान सिंहसहित उनको नागरिकता नम्बर ३४१६०३८८१७ उल्लेख रहेको छ । नागरिकता लिनेको औंठा छापसँगै रुबिनाको तस्विर पनि टाँसिएको छ । यो सँगै बाबुको नाममा राजेशमान सिंह राखेर रुबिना श्रेष्ठका नाममा तत्कालिन प्रशासकीय अधिकृत षड्कुमार पोखरेलले नागरिकता जारी गरि दिएको विवरण प्राप्त भएको छ ।

## निजी क्षेत्रका समस्या बारे वीरगञ्जका उद्योगी व्यवसायीले गराए कांग्रेस महामन्त्री थापाको ध्यानाकर्षण




वीरगञ्ज ।

उद्योग, व्यापार, कृषि तथा सेवा क्षेत्रको विकासबाट मात्रै समग्र मुलुकको आर्थिक समुन्ती सम्भव हुने नेपाली कांग्रेसका महामन्त्री गगन थापाले बताए । वीरगञ्ज उद्योग वाणिज्य संघले आयोजना गरेको भेटघाट तथा छलफल कार्यक्रममा सहभागी हुँदै महामन्त्री थापाले कृषि, उद्योग, निजी क्षेत्र र सेवा क्षेत्रको विकासका लागि सरकार गम्भिर र हेको बताए ।

मुलुकमा व्याप्त निराशालाई चिर्न आफु मेची महाकालिको यात्रामा निस्किएको बताउँदै उनले अहिले देखिएको आर्थिक गतिहिनता, बढ्दो भ्रष्टाचार, सर्वसाधारण ले पाउने सेवा सुबिधामा ढिला सुस्ती जस्ता समस्यालाई सहज बनाउने तर्फ सरकारले गृहकार्य गरिरहेको जानकारी गराए ।

उनले भने, 'आगामी बजेटको पुर्व संध्यामा हामी छलफल गरिरहेका छौं । अब आउने बजेटलाई कसरी प्रभावकारी बनाउने त्यसका लागि निजीक्षेत्रहरुको सुझाव सल्लाह उत्यन्तै महत्वपूर्ण हुन्छ । विभिन्न क्षेत्रबाट आएका विषयगत उद्योग, व्यापार, कृषि, पर्यटन, सवास्थ्य, शिक्षा लगायतका क्षेत्रमा बजेट बिनियोजनको प्रकृयामा केही परिमार्जन गर्ने सोच छ । यस पटक परम्परागत बजेट निर्माणको प्रकृया भन्दा पृथक र सन्तुलित हुने विश्वास दिलाउँछु ।'

वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल कुमार अग्रवालले प्रस्तुत गरेका सुझावलाई गम्भिर रुपमा लिने र छलफल गरिने आश्वासन पनि उनले दिएका छन् ।

छलफलका क्रममा वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल कुमार अग्रवालले मुलुक आज आर्थिक दृष्टिकोणले अत्यन्तै जटिल मोडमा रहेको टिप्पणी गरे ।

आर्थिक वृद्धि दर २ देखी ३ प्रतिशतको हाराहरीमा सिमित र हनु दुखद विषय भएको अध्यक्ष अग्रवालको भनाई छ । मुलुकको प्रमुख औद्योगिक कोरिडोरहरु वीर गञ्ज, बिराटनगर, भैरहवामा अघोषित लोडसेडिङ्गले उद्योगहरु आफ्नो क्षमताको २० देखी २५ प्रतिशतमा मात्र संचालन भईरहेको उनले बताए ।

नेपाल उद्योग वाणिज्य संघका कार्यकारिणी सदस्य डा.सुबोध कुमार गुप्ताले वीरगञ्ज क्षेत्रले राष्ट्रिय राजश्वमा झन्डै ५० प्रतिशत योगदान दिईरहेको जानकारी गराउँदै यस क्षेत्रको आर्थिक महत्व र सामर्थनलाई राज्यले प्राथमिकतामा नलिएको गुनासो गरे । निजी क्षेत्रको आवाज सिंहदरवारले सुने जस्तो गरेपनि कार्यान्वयन तहमा खासै प्रगती नहुने गरेको उनको गुनासो छ ।

वीरगञ्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष हरिप्रसाद गौतमले उद्यारो कानुन, भ्रष्टाचार नियन्त्रण, नियमित बिद्युत आपुर्ती लगायतका विषयमा महामन्त्री थापाको ध्यानाकर्षण गराए । वर्तमान समयमा देखिएका आर्थिक तरलता र राज्यका नियामक निकायहरुको अस्पष्ट भुमिकाका कारण उद्योग व्यापार बन्दको संघारमा पुगेको गौतमको भनाई छ । संघका उपाध्यक्ष माधव राजपालले कर, भन्सार, राजश्वका अपारदर्शी निती नियमलाई पारदर्शी र उद्योगमैत्री

बाँकी तेस्रो पृष्ठमा........

## प्रधानमन्त्रीद्वारा उदयपुर सिमेन्ट उद्योगको अवलोकन

काठमाडौं ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले उदयपुर सिमेन्ट उद्योगको अवलोकन गरेका छन् । उद्योग रहेको स्थान उदयपुरको जलजले पुगी उनले आज उद्योगको प्लान्टलगायत महत्वपूर्ण संरचनाको अवलोकन गरेका छन् ।प्रधानमन्त्री प्रचण्डलाई महाप्रबन्धक खगेन्द्र बस्नेतलगायतका उच्चपदस्थ अधिकारीले उद्योगको समग्र अवस्थाबारे जानकारी गराएका थिए। सो क्रममा प्रधानमन्त्री प्रचण्डले उद्योगलाई यही अवस्थामा नभई 'अपग्रेड' गरेर सञ्चालन गर्नुपर्ने बताए ।



आफूले उद्योगको समस्यालाई गम्भीर रुपमा लिएको उल्लेख गर्दै उनले उद्योगलाई दीर्घकालीनरुपमा सञ्चालन गर्न सरकार तयार रहेको बताए। अहिले उद्योग पूर्ण क्षमतामा सञ्चालन हुन सकेको छैन ।उदयपुर सिमेन्टर नेपाल सरकारद्वारा सञ्चालित सिमेन्ट उद्योग हो। नेपाल र जापान सरकारको संयुक्त लगानीमा विसं २०४४ जेठ ३१ गते सो उद्योगको स्थापना भएको थियो। उक्त उद्योगले उत्पादन गरेको 'गैंडा छाप' ब्राण्डको सिमेन्ट नेपाली उपभोक्तामाझ लोकप्रिय छ ।

सत्य तथ्य र निष्पक्ष सामाचारका लागि शुभम सन्देश राष्ट्रिय दैनिक खोजी खोजी पढौं ।

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक शुभम सन्देश National DAILY दैनिक




| | | |
|---|---|---|
| प्रकाशक | : | रामबाबु प्रसाद मेहता |
| प्रधान सम्पादक | : | अजय कुमार |
| सम्पादक | : | सरोज कुमार सिंह |
| सह सम्पादक | : | सरिता चौधरी |
| समाचार सम्पादक | : | तिवारी यादव |
| प्रबन्धक | : | मुकेश कुमार महतो |
| कानुनी सल्लाहकार | : | परमहंस केशरी |
| कम्प्यूटर लेआउट | : | म. फरिद |
| मुद्रक | : | बारा प्रिन्टीङ्ग प्रेस कलैया उमनपा-४, बारा |
| ईमेल | : | subhamsandeshdaily@gmail.com |
| सम्पर्क नम्बर | : | ९८४५२१७३२९,९८५५०४५५५२, ०५३५५१४९७ |
| प्रधान कार्यालय | : | सिम्रौनगढ नपा ६, बारा |
| सम्पर्क कार्यालय | : | कलैया उमनपा १ (मोतिवाग), बारा |



## भुकम्पबाट बच्ने उपायहरू................

-घर ,पुल तथा अन्य संरचना बनाउदा भुकम्प प्रतिरोधी बनाऔ ।

-घर वरिपरी तथा सार्वजनिक स्थललाई खुल्ला राखौ ।

-भुकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔ ।

परवानीपुर गाउँपालिकाको कार्यालय बारा


# ‘कुहिएर जान्थ्यो स्याउ, कर्णाली राजमार्ग वरदान भयो’

जुम्लाको चन्दननाथ नगरपालिका वडा नम्बर ७ का ५७ वर्षीय भुवन खत्री व्यावसायिक स्याउ खेतीमा लागेका पुराना किसान हुन् ।

उनले भारतको जम्मु-काश्मिर बाट स्याउका बिरुवा ल्याएर जुम्लामा यसको खेती थालेका थिए ।तत्कालीन महत गाविसका किसान पदमबहादुर महतको बगैंचामा परीक्षण गर्दा स्याउको उत्पादन राम्रो भएपछि स्याउ खेती गर्न थालिएको खत्री बताउँछन् । ४ हजार बिरुवा अझै पनि त्यो बगैंचामा रहेको र अहिले उनका छोराहरूले अंश-बन्डा गर्दा बाँडिएर कम भएको उनको भनाइ छ ।त्यो पहिला जुम्लाको सबैभन्दा ठूलो स्याउ बगैंचा मानिएको खत्रीले बताए । जुम्लामा स्याउ खेती गर्ने पहिलो किसानको रूपमा चिनिंदै आएका पदमबहादुर महतको निधनपछि अहिले त्यो बगैंचा जीर्ण बन्दै गएको छ ।

खत्रीले भने, ‘मैले त्यो बगैंचामा ४ वर्ष जति काम गरेर त्यहाँ सिकेको सीप व्यवहारमा उतार्न आफैंले २०४२ सालबाट स्याउको व्यावसायिक खेती सुरु गरेको हुँ ।’ आफू भलिबल खेलको पूर्व राष्ट्रिय खेलाडी भए पनि खेलबाट मात्रै जीवन धान्न गाह्रो भएपछि स्याउ खेतीलाई व्यावसायिक बनाएर जीवन बिताउने उद्देश्यले खेतीको सुरुवात गरेको उनी बताउँछन् ।उनी भन्छन्, ‘समाजले मलाई खेल क्षेत्रमा कर्णालीको छाता भनेर चिन्ने भए पनि सधैं प्रतियोगिता नहुने भएकाले परिवारको आवश्यकता पूरा गर्न नसकेपछि स्याउ व्यवसाय रोज्न बाध्य भएको थिएँ ।’ सुरु-सुरुमा आफूलाई व्यावसायिक क्षेत्र छाडेर कृषि क्षेत्रमा लागेको भन्ने जस्तो भए पनि अहिले आफूखुसी रहेको उनी बताउँछन् । ‘खेल क्षेत्रमा २० वर्ष बिताएर पनि राम्रो जागिर खान सकिएन त्यही भएर कृषि व्यवसाय रोजें’ उनले भने, ‘खेलकुद क्षेत्रमा प्रशिक्षकसम्मको जिम्मेवारी पाएको भए पनि म यो क्षेत्रमा हुन्नथें होला । फेरि प्रतियोगितामा सहभागी भएर पदक जिते पनि परिवारका आवश्यकता पूरा गर्न नसकिने देखेर मैले कृषि व्यवसाय रोजें । ’जुम्लाको स्याउले बजार पाउनुमा कर्णाली र ाजमार्गको योगदान रहेको बताउने खत्री अब त्यो बाटो फराकिलो र गुणस्तरीय बन्नुपर्ने बताउँछन् ।

उनी भन्छन्, ‘पहिला जुम्लामा सडक पुगेको थिएन, त्यसैले स्याउको बजार राम्रो थिएन । अहिले कर्णाली राजमार्ग यसका लागि वरदान भएको छ ।’उनका भनाइमा कर्णाली राजमार्ग नबन्दासम्म आफ्नो बगैंचामा स्याउ फले पनि खासै खुशी लाग्दैनथ्यो । कतिपय पहुँच हुने मानिसले जहाजमा हालेर नेपालगञ्ज, सुर्खेत, काठमाडौंसम्म पुऱ्याउँथे । त्यतिबेला जुम्लाको स्याउ भन्ने मात्रै हुन्थ्यो, त्यसको बजार मूल्य नै थिएन ।

उनले भने, ‘स्याउ कुहिएर फाल्नुपर्थ्यो, गाईवस्तुलाई खुवाउनुपर्थ्यो । तर, अहिले कर्णाली राजमार्ग पुग्यो, जुम्लाको स्याउले बजार पाउन थाल्यो ।

अझै रोड राम्रो छैन, डबल लेनको बाटो भए, यहाँका किसानले नेपालका विभिन्न बजारमा पुऱ्याउने थिए ।’तर पनि पहिला भन्दा अहिले किसानले स्याउबाट राम्रो आम्दानी गरिरहेको उनी बताउँछन् । खत्री कृषि विकास कार्यालय मार्फत नमूना स्याउ खेतीको अवलोकन भ्रमण गर्न भार तको कुल्लु मनाली, जम्मु-काश्मिर , हिमाञ्चलको सिमला, किनोर भन्ने ठाउँमा पुगेका छन् । उनी भन्छन्, ‘त्यहाँको हेरेर त हामीले केही गर्न सकेका छैनौं । तर अझै राम्रो गर्न सकिने ठाउँ छ ।’

उनका भनाइमा, त्यहाँको सर कारले गरेको जस्तो लगानी यहाँ गर्न सके हामी सजिलै भारतको स्याउसँग प्रतिस्पर्धा गर्न सक्छौं भन्ने उनलाई लागेको छ । अध्ययन भ्रमणमा मनाङ जिल्लाका एग्रो फार्ममा पुगेका उनले अहिले ८०० बिरुवाको स्याउ फार्म बनाएका छन् ।विकसित जातको नभएर २०२४ सालमा जुम्लामा लगाउन सुरु गरि एको स्थानीय रोयल, रेड, गोल्डेन र जनाथन जातको खेती गर्दै आएका खत्रीले यस वर्ष मात्रै स्याउ खेतीबाट ६ लाख रुपैयाँ आम्दानी गरेका छन् ।स्याउको बगैंचा अहिले बुढेसकालको सहारा बन्न पुगेको छ । उनी भन्छन्, ‘छोरा छोरी हुर्काएपछि छाडेर जान्छन् तर स्याउको बिरुवा हुर्काएपछि यहीं प्रतिफल दिइरहन्छ, त्यसैमा गर्व लाग्छ ।’पहिला जस्तो बजार र मूल्यको चिन्ता कम हुन थालेपछि खत्री उत्साहित छन् । ‘अहिले जुम्लाको स्याउ बगैंचामा पुगेर स्याउ व्यापारीले मोलतोल गर्न थालेपछि म मात्रै होइन जो-कोही पनि अन्यत्र काम खोज्न जान छाडेका छन् । यसको आनन्द नै बेग्लै छ’, खत्रीले भनेसरकारले एक घर एक स्याउ बगैंचा अभियान ल्याएपछि जुम्लामा एक नगरपालिका र सातवटै गाउँपालिकाका प्रत्येक बस्तीमा अहिले स्याउ फल्न थालेको छ । यो अभियानले किसानको घरमा न्यूनतम ५० बिरुवादेखि लिएर अधिकतम ३३ हजार बिरुवासम्मका बगैंचा छन् ।प्रधानमन्त्री आधुनिकीकरण स्याउ सुपरजोन जुम्लाका प्रमुख खेमराज शाही भन्छन्, ‘पछिल्लो समय युवाहरूको आकर्षण विकसित फुजी जातका स्याउमा देखिंदैछ ।’ उनका भनाइमा यो अवस्था आउनमा झण्डै पाँच दशकसम्म जुम्लाले स्याउ खेतीमा गरेको लगानी बिर्सनुहुँदैन ।

उनी भन्छन्, ‘जुम्लामा फलफूल अनुसन्धानको लागि २०२७ सालमा बागवानी अनुसन्धान केन्द्र राजिकोट स्थापना भएपछि यहाँ नयाँ-नयाँ जातका स्याउको सिफारिस हुन थालेको थियो । पूर्वाधार लगायत कारण अहिले स्याउ खेतीमा किसानको आकर्षण बढ्दै गएको हो ।’स्याउले बजार पायो, बदलियो जुम्लीको जीवनहिमालका मुद्दा उठाउँदा उदाङ्गो नहोस् सिमसारको हविगतसिमसारका बहुआयामिक लाभहरूबारे आम सर्वसाधारणमा पर्याप्त जानकारी पुगेको छैन ।

२ फेब्रुअरी सिमसार संरक्षणमा जनचेतना जगाउने उपयुक्त अवसर हो ।फेब्रुअरी महिनाको २ तारिख, विश्व सिमसार दिवस । वर्ष २०२४ को नारा छ- सिमसार र मानव कल्याण ।

सन् १९७१ मा इरानको रामसार शहरमा सिमसार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि भएको थियो । यसैको वार्षिकोत्सवको रूपमा सिमसार दिवस मनाइन्छ । सिमसार दिवसको अवसरमा जनचेतना अभिवृद्धिको लागि विभिन्न गतिविधि संसारभर गरिन्छ ।कोप–२८ खनिज इन्धनको निरुत्साहन र नवीकरणीय ऊर्जामा बढी केन्द्रित थियो । यद्यपि त्यहाँ जलवायु परिवर्तनका विविध पक्षबारे पनि घनीभूत छलफल भएको थियो ।

जसमध्ये जलवायु परिवर्तनको असर रोकथामको लागि प्रकृतिमा आधारित समाधान अर्थात् नेचर बेस्ड सोलुशनबारे पनि बहस भएको थियो । जलवायु परिवर्तनको असरलाई सामना गर्न प्रकृतिमा आधारित समाधान महत्वपूर्ण रहेको तर यसका लागि कम लगानी भएको ठहर भयो ।त्यसैले प्रकृति आधारित जलवायु न्यूनीकरण कार्यहरूको लागि अलग्गै अमेरिकी डलर १८६.६ मिलियन नयाँ लगानी गर्ने कोप–२८ मा घोषणा भएको छ ।

यो रकम परिचालन गर्दा नवीनतम सोच र सार्वजनिक-निजी साझेदारीलाई बढावा दिने भनिएको छ । यसमा दातृनिकाय विश्व बैंकले अग्रसरता लिने भएको छ ।कोप–२८ मा नेपालले हिमालका मुद्दाहरू जोडदारसँग उठाएको छ । यसलाई नेपालको सहभागिताको उपलब्धि नै मान्नुपर्छ । जलवायु परिवर्तनको अजेण्डामा नेपालले अन्तर्राष्ट्रिय जगतको ध्यान खिच्दै गर्दा सिमसार संरक्षणमा नेपालले ध्यान दिन जरूरी भएको छ । जलवायु परिवर्तनबाट सिर्जित समस्या समाधानका लागि सिमसार संरक्षण उत्तम उपाय हो । नेपालमा सिमसार संरक्षण नितान्त प्रकृतिमा आधारित भएर स्थानीय प्रयास र स्रोतसाधनमा गर्न सकिन्छ । बाघ संरक्षण लगायत प्रकृति संर क्षणका अन्य प्रयासहरूमा जस्तै सिमसार संरक्षणमा नेपालले सफलता पाउन सक्छ । आगामी कोप सम्मेलनहरूमा सिमसार संरक्षणको सफल अभ्यासका कथाहरू हामी प्रस्तुत गर्न सक्छौं ।नेपालमा सिमसार को अवस्थास्थायी रूपमा वा वर्षको केही महिना पानीले ढाकिएको इकोसिस्टम भएको स्थानलाई सिमसार भनिन्छ । नेपालमा करिब ७ लाख ५० हजार हेक्टर अर्थात् पाँच प्रतिशत भूभाग सिमसार क्षेत्रले ओगटेको छ । देशभरिमा अति महत्वपूर्ण २४२ वटा सिमसार क्षेत्र रहेका छन् । जसमध्ये नेपालका १० वटा सिमसार क्षेत्रहरू अन्तर्राष्ट्रिय महत्वको रामसार सूचीमा सूचीकृत भएका छन् ।

राष्ट्रिय निकुञ्ज, आर क्ष तथा वन क्षेत्रभित्रका सिमसार संरक्षणको अवस्था राम्रो भए पनि, त्यस बाहिरका सिमसार संरक्षणमा बढी समस्या छ ।नेपालको सिमसार तराईका हिलेधापदेखि हिउँले ढाकिएको उच्च हिमाली तालसम्म पर्दछ । सिमसार प्राकृतिक मात्र नभएर मानवनिर्मित पनि हुनसक्छ । राष्ट्रिय ताल संरक्षण विकास समितिले नक्शा सहित प्रकाशन गरेको प्रतिवेदन अनुसार नेपालमा साना-ठूला सबै गर ेर ५ हजार ३५८ वटा ताल, पोखरी रहेका छन् । नेपालका सिमसार क्षेत्र अतिक्रमणको चपेटामा पर्दै आएका र क्रमशः लोप हुँदैछन् । सबैको साम् देख्दादेख्दै फेवाताल क्षेत्र खुम्चिंदै गएको छ । सिमसार क्षेत्र भूमाफियाको निशानामा पर्न थालेको छ । नेपालमा मात्र होइन, संसारभर नै सिमसारको अवस्था चिन्ताजनक छ ।विगत ३०० वर्षदेखि यता संसारको ९० प्रतिशत सिमसार क्षेत्रको अवस्था बिग्रिएको वैज्ञानिक अनुमान छ ।

वनजंगलको विनाश भन्दा तीन गुणा छिटो सिमसार क्षेत्र मासिंदैछ । विगत ५० वर्षयता मात्र प्राकृतिक सिमसार क्षेत्रको ३५ प्रतिशत मासिएको छ ।तसर्थ, सन् २०२३ को सिमसार दिवसको नारा थियो- ‘यो समय हो, सिमसार क्षेत्र पुनर्स्थापनाको’ ।

संयुक्त राष्ट्रसंघले निकै महत्वका साथ सन् २०२१ देखि २०३० लाई इकोसिस्टम पुनर्स्थापना दशक घोषणा गरेको छ । इकोसिस्टम पुनर्स्थापनाको मुख्य हिस्सामा सिमसार पर्दछ । तर सिमसार संरक्षण र पुनर्स्थापना सजिलो काम चाहिं होइन ।सिमसार संरक्षणको प्रयासरामसार सन्धिमा सन् १९८८ मा नेपालले हस्ताक्षर गर्‍यो । सन्धि पक्षधर भएकाले नेपाल सिमसार संरक्षणको लागि कानुनी रूपमा प्रतिबद्ध छ । सरकारले राष्ट्रिय सिमसार नीति, २०६९ ल्याएको छ । यो नीतिले दिगो विकास र वातावरणीय सन्तुलनका लागि स्वस्थ सिमसार भन्ने दूरदृष्टि राखेको छ । सिमसार नीतिको लक्ष्य सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन गरी सिमसारजन्य स्रोतको दिगो तथा बुद्धिमत्तापूर्ण उपयोग गर्ने रहेको छ ।

नीतिले र ाष्ट्रिय सिमसार समिति गठन गरेर काम गर्न दिशानिर्देश गरेको छ ।सिमसार संरक्षण गर्ने जिम्मेवार निकाय वन तथा वातावरण मन्त्रालय हो । यस अन्तर्गत र ाष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आर क्ष विभागले सिमसार संरक्षणको फोकल संस्था रहेको छ । वन तथा वातावरण मन्त्रालय अन्तर्गत राष्ट्रिय ताल संरक्षण विकास समिति सिमसार क्षेत्रको संरक्षण र विकासमा क्रियाशील र हेको जस्तो देखिन्छ । तर नतिजा सन्तोषजनक छैन ।राष्ट्रिय निकुञ्ज, आरक्ष तथा वन क्षेत्रभित्रका सिमसार संरक्षणको अवस्था राम्रो भए पनि, त्यस बाहिरका सिमसार संरक्षणमा बढी समस्या छ ।

सिमसार संरक्षण कार्यमा चुनौतीहरूप्राकृतिक र मानवीय दुवै प्रकारका छन् । तराईमा जलकुम्भी जस्ता मिचाहा झारको समस्या छ । मानवीय समस्यामा सिमसार क्षेत्रको जग्गा अतिक्रमण र जल प्रदूषण छ । सिमसार संरक्षणमा जनचेतना सिमसार संरक्षणमा जनचेतना महत्वपूर्ण छ । जनचेतना वृद्धि भए, जनचासो बढ्छ । बढी जनचासोको विषय राजनीतिक दलको एजेण्डाभित्र पर्छ । तपाईं-हाम्रो आवाजले सिमसार संरक्षणमा योगदान गर्न सकिन्छ । तर रेडियो, टेलिभिजन, सामाजिक सञ्जालमा सिमसार संरक्षण सम्बन्धी जनचेतनामूलक सामग्री कमै आउने गर्छन् ।सिमसार एक गतिशील, विविधतायुक्त र उर्बर इकोसिस्टम हो । सिमसारलाई जैविक, सामाजिक, पर्यावरणीय र आर्थिक दृष्टिकोणले अति मूल्यवान् प्राकृतिक प्रणालीको अंश मानिन्छ । सिमसारले दुर्लभ र विभिन्न प्रजातिका जीवजन्तु तथा वनस्पतिलाई वासस्थान प्रदान गरेको हुन्छ । सिमसारले पानीको स्रोत संरक्षण गर्नुका साथै यसको बहाव र गुणस्तर कायम गर्छ । सिमसार क्षेत्रले सिंचाइ, मत्स्यपालन, पर्या-पर्यटन, कृषि उत्पादकत्व अभिवृद्धिमा सहयोग पुर्‍याउने लगायत जैविक विविधताको दिगो व्यवस्थापन मार्फत अर्थतन्त्रमा समेत महत्वपूर्ण योगदान पुर्‍याउँछ ।

सिमसारले पर्यावरणीय सुरक्षाकवचको रूपमा कार्य गर्दछ । राष्ट्रिय सिमसार नीति, २०६९ ले हाल तीन तहको संघ, प्रदेश र पालिकाको संरचनासँग सामञ्जस्य राख्दैन । सिमसार संरक्षणमा स्थानीय तहको भूमिका र जनसहभागिता अति महत्वपूर्ण छ । यसलाई नयाँ सिमसार नीतिले समेट्नु जरूरी छ ।सिमसार क्षेत्र वाइल्डलाइफ सफारी र चरा अवलोकनको लागि उत्तम ठाउँ हो । सिमसारको पर्यावरणीय, सांस्कृतिक र आर्थिक महत्व छ ।

ग्रामीण समुदाय जीविकाको लागि सिमसारमा निर्भर हुन्छन् । माझी, जलारी, थारू, मल्लाह समुदायको लागि सिमसार आयआर्जनको स्रोत हो । सिमसार विज्ञ प्रा.डा. मोहन शिवाकोटीका

**बाँकी तेस्रो पृष्ठमा........**

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश
National



# सुनकोशीको पानी आठ सय घरलाई उपलब्ध गराउन खानेपानी आयोजना

खोटाङ, २० माघ :
दिप्रुङ चुइचुम्मा गाउँपालिका-४ बतासेका आठ सय घरका उपभोक्तालाई खानेपानी उपलब्ध गराउने गरी सुरु गरिएको 'दिप्रुङ लिफ्टिङ खानेपानी आयोजना'को काम तीव्र गतिमा अगाडि बढेको छ । खानेपानी मन्त्रालयको भ्याटसहित रु ३१ करोड १८ लाख ९२ हजार छ सय ५६ लगानीमा बतासेका आठ सय बासिन्दाको घर घरमा एक/एक खानेपानीको धारा उपलब्ध गराउने गरी डेढ वर्षअघि 'दिप्रुङ लिफ्टिङ खानेपानी आयोजना'को काम ठेक्कामार्फत सुरु गरिएको हो ।

सगरमाथा ड्रिलिङ एण्ड कन्स्ट्रक्सन कम्पनीले निर्माणको ठेक्का लिएको आयोजनाको काम ४० प्रतिशत पूरा भएको सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाको कार्यालयका प्रमुख इञ्जिनियर विपुलकुमार लालदासले जानकारी दिनुभयो । "दिप्रुङ लिफ्टिङ खानेपानी आयोजनाको मुख्य संरचना निर्माणको काम सम्पन्न भइसकेको छ, तोकिएकै मितिमा सम्पन्न गर्न ठेकेदार कम्पनीलाई निर्देशन दिएका छौँ", उहाँले भन्नुभयो, "आयोजनाको काम सम्पन्न भएपछि बतासेका उपभोक्ता लाभान्वित हुनेछन्, तोकिएकै समयमा आयोजनाको काम सम्पन्न गराउन स्थानीय सरकार तथा उपभोक्ताले सहयोग गर्नुपर्छ ।"विसं २०७९ भदौमा सम्झौता गरिएको आयोजना विसं २०८१ भदौ १८ गतेभित्र सम्पन्न गर्नुपर्ने दुईपक्षीय सम्झौतामा उल्लेख छ ।

दिप्रुङ लिफ्टिङ खानेपानी आयोजना दिक्तेल-गाईघाट सडकखण्डको भण्डारेघाटस्थित सुनकोशी नदीबाट पम्पमार्फत तानिने पानी लिफ्टिङ गर्दै बतासेमा पुऱ्याएर वितरण गर्ने योजना रहेको उपभोक्ता समितिका अध्यक्ष सुपेन्द्र राईले जानकारी दिनुभयो । फिल्टर तथा आरबिटी ट्याङ्की, पाइपलाइन, विद्युत्का खम्बा जडान लगायतको काम तीव्र गतिमा भइरहेको निर्माण कम्पनीका आयोजना प्रमुख सबिन राईले जानकारी दिनुभयो । "भण्डारेघाटमा तीन लाख लिटरको एउटा ट्याङ्की र फिल्टरिङ (प्रशोधन) गर्ने ठाउँ निर्माणको काम सम्पन्न भएको छ, सुनकोशीको पानी तान्न पाँच ठाउँ लिफ्ट गरिन्छ, साढे तीन किलोमिटरमाथि मुसुरीडाँडामा ७५ र रातमाटामा ३० हजार लिटरको ट्याङ्की निर्माण गरेर त्यसमा जम्मा गरिएको पानी स्थानीय बासिन्दालाई वितरण गर्ने योजना छ", उहाँले भन्नुभयो, "मुसरीडाँडामा वितरण लाइनको तीन वटासँगै मुख्य लाइनको ट्याङ्की निर्माण गरिसकिएको छ, रातमाटामा निर्माण गर्ने तयारी गरिरहेका छौँ, वितरण लाइनमा छ ट्याङ्की निर्माण गर्नुपर्ने सम्झौतामा उल्लेख छ, चार वटा बनिसके, दुई वटा बाँकी छ, त्यो पनि आगामी वैशाखभित्र सम्पन्न हुन्छ ।"

लिफ्टिङ लाइनमा ५० हजार लिटर क्षमताका छ ट्याङ्की निर्माण गरिने आयोजना प्रमुख राईले जानकारी दिनुभयो । "एउटा बनिसक्यो, एउटा बन्दैछ, बाँकी चार वटा चाँडै सम्पन्न गर्ने तयारीमा छौँ", उहाँले भन्नुभयो, "पाँचवटै मुख्य लाइनको ट्याङ्की रहने ठाउँमा सुरक्षागार्ड घर पनि निर्माण गर्नुपर्नेछ, आयोजना सञ्चालनमा आएपछि त्यहाँ रहने सुरक्षागार्डले रेखदेखको काम गर्छन् ।"

सगरमाथा राष्ट्रिय राजमार्गको भण्डारघाटस्थित सुनकोशीको पानीलाई एक सय ५० एमएमको फलामे पाइपमार्फत लिफ्ट गरेर निकालिने खानेपानी आयोजनाको काममा तीन समूह कामदार खटाइएको ठेकेदार कम्पनीले जनाएको छ । लिफ्टिङ लाइनमा बिच्छ्याइने फलामे पाइपको काम सम्पन्न गरेर वितरण लाइनको काम सुरु गरिएको आयोजना प्रमुख राईले जानकारी दिनुभयो ।लिफ्टिङ खानेपानी आयोजनाको पाइपलाइन विस्तारका क्रममा ठेकेदार कम्पनीको लापरबाहीले सडकबीचमै फलामे पाइप बिच्छ्याएको पाइएकाले त्यसलाई उपयुक्त ठाउँमा सार्न निर्देशन दिइएको सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाको कार्यालयका प्रमुख इञ्जिनियर लालदासले जानकारी दिनुभयो ।

"सुनकोशीको पानी लिफ्टिङ गर्न बिच्छ्याइएको फलामे पाइप सडक आसपासमा देखियो, यसले यातायात सञ्चालनका साथै सडक फराकिलो पार्न समस्या हुने देखियो", उहाँले भन्नुभयो, "यो सडक कालोपत्र गर्न डिपिआर (विस्तृत परियोजना प्रतिवेदन) तयार गर्ने काम भइरहेको रहेछ, निर्माणाधीन अवस्थामै रहेको पाइपलाइनले यातायात सञ्चालनका साथै सडक फराकिलो पार्न समस्या हुने देखिएपछि त्यसलाई उपयुक्त ठाउँमा सार्न निर्देशन दिइएको छ, ठेकेदार कम्पनीले त्यो कुरलाई सम्बोधन गर्ने प्रतिबद्धता जनाएका छन् ।"

मुसुरीडाँडामा कार्यालय रहनेगरी निर्माणाधीन अवस्थामा रहेको लिफ्टिङ खानेपानी आयोजना सञ्चालनमा आएपछि स्थानीय बासिन्दाले रोजगारसमेत पाउने गाउँपालिकाका अध्यक्ष लोकेन्द्र राईले जानकारी दिनुभयो । "हाम्रो गाउँपालिकाको वडा नं ४ मा पर्ने बतासे सुक्खाग्रस्त क्षेत्रमा पर्छ, यहाँ भएका पानीका मुहान विसं २०७२ मा आएको भूकम्पका कारण सबै सुके, अहिले बतासेका स्थानीय बासिन्दा काकाकुल अवस्थामा छन्", उहाँले भन्नुभयो, "खानेपानी अभावमा केही घर स्थानीय बासिन्दा बसाइँ सरेर अन्यत्र जान थालेका छन्, खानेपानीकै अभावका कारण बसाइँ सरेर अन्यत्र जानुपर्ने बाध्यतामा पुगेका स्थानीय बासिन्दालाई रोक्दै गाउँमै केही गर्ने अवसर दिलाउनु स्थानीय सरकारको दायित्व हो, यो हाम्रो गाउँपालिकामा सञ्चालित सबैभन्दा ठूलो आयोजना हो, यो आयोजना सञ्चालनमा आएपछि यहाँका स्थानीय बासिन्दाले रोजगार पाउने छन् ।"

विद्युत्मार्फत सञ्चालन हुने उक्त लिफ्टिङ आयोजनाका लागि खपत हुने विद्युत् महसुलका विषयमा समेत गाउँपालिकाले विकल्प खोज्ने तयारी गरिरहेको गाउँपालिकाका अध्यक्ष राईले बताउनुभयो । उपभोक्ता आफैँले विद्युत् महसुल तिर्दा महँगो पर्ने भएकाले त्यसका विषयमा कार्यपालिकाको बैठक बसेर निर्णय गरिने जनाइएको छ ।

खानेपानीको समस्या रहेको बतासेमा सुनकोशीको पानी लिफ्टिङमार्फत घरघरमा आउने भएपछि स्थानीय बासिन्दा हर्षित भएका छन् । तीन हजार नौ सय ७७ जनसङ्ख्या रहेको बतासेमा सञ्चालित लिफ्टिङ खानेपानी आयोजना सञ्चालनमा आएपछि फलफूल तथा तरकारी बाली उत्पादन गर्न सकिने जनाइएको छ।

दश स्थानीय तह रहेको जिल्लामा दिप्रुङ लिफ्टिङ खानेपानी आयोजनासँगै चार लिफ्टिङ खानेपानी आयोजनाको काम भइरहेको छ। दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकामा दुई र हलेसी तुवाचुङ नगरपालिकामा एउटा लिफ्टिङ खानेपानी आयोजनाको काम सञ्चालन भइरहेको सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाको कार्यालयका नायब सुब्बा अनिल आचार्यले जानकारी दिनुभयो ।

## निजी क्षेत्रका......

बनाउन सुझाव दिए । अगामी आर्थिक बर्षको बजेटले उद्योग, व्यापारसँगै वीरगञ्जलाई विशेष प्राथमिकतामा राख्न पनि उनको आग्रह छ ।

नेपाल औषधी व्यवसायी संघका केन्द्रिय अध्यक्ष प्रकाश खण्डेलवालले निजी क्षेत्रको सुझाव र सल्लाहलाई सरकारले बेवास्ता गर्दै आफुअनुकुल नीति बनाउने गरेको आरोप लगाए । निजी क्षेत्रले लगानी गर्ने बिषयगत क्षेत्रहरु अझै पनि स्पष्ट हुन नसकेको विषयमा उनले महामन्त्री थापाको ध्यानाकर्षण गराए ।

# अन्तर्राष्ट्रिय खबर

## युद्धमा एक लाखभन्दा बढी गाजावासी हताहत : डब्लुएचओ

जेनेभा । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले गाजाको अवस्था बिग्रँदै जाँदा एक लाखभन्दा बढी गाजावासी हताहत (घाइते, बेपत्ता वा मृत्यु भएको) अनुमान गरेको छ । यो सङ्ख्या गाजाको २३ लाख जनसङ्ख्याको ४.३ प्रतिशत हो ।जेरूसेलमबाट भिडियो लिङ्कमार्फत संयुक्त राष्ट्रसङ्घको साप्ताहिक पत्रकार सम्मेलनमा बोल्दै विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का प्रतिनिधि रिचार्ड पिपरकोर्नले बाँकी जनसङ्ख्याले गम्भीर परिस्थितिको सामना गर्नुपरेको र सुरक्षा, खाना, स्वास्थ्य र न्यानोपनजस्ता आधारभूत आवश्यकता पूरा गर्न सङ्घर्ष गरिरहेको बताए ।"मध्य गाजामा तनाव बढ्दै गएको छ, जसले विद्यमान स्वास्थ्य सुविधाहरूको पहुँचलाई थप कमजोर बनाएको छ," उनले भने ।

बिरामी र स्वास्थ्यकर्मी दुवैका लागि अस्पतालहरूमा निरन्तर पहुँचको कमीप्रति गहिरो चिन्ता व्यक्त गर्दै पिपरकोर्नले गाजामा ३६अस्पतालहरूमध्ये केवल १३ वटा मात्र आंशिक रूपमा सञ्चालनमा रहेको र ७३ प्राथमिक स्वास्थ्य केन्द्रहरूमध्ये १३ वटा मात्र सञ्चालनमा रहेको बताए ।जारी द्वन्द्व र शत्रुताले स्वास्थ्य सेवालाई अस्तव्यस्त बनाएको छ । यसले युद्धसँग सम्बन्धित चोटपटक र दीर्घरोग दुवैको पर्याप्त उपचार प्रदान गर्न चुनौतीपूर्ण भएको छ। "अब कम्तिमा आठ हजार गाजावासीहरूलाई उपचारका लागि रेफर गर्नु पर्ने भएको हामीले अनुमान गरेका छौँ," पिपरकोर्नले भने ।तीमध्ये छ हजार जना युद्धमा घाइते हुनुका साथै यसमध्ये कैयौँ गम्भीर घाइते रहेका छन् र उनीहरूमध्ये एउटा सानो अंशलाई मात्र दक्षिणी शहर राफामा सफलतापूर्वक स्थानान्तरण गरिएको उनले बताए ।

पिपरकोर्नले भने, "उत्तरी गाजामा प्रवेशमा कडा प्रतिबन्ध लगाइएको छ भने डब्ल्यूएचओको यस क्षेत्रका स्वास्थ्य संस्थाहरूमा पुग्न गरिएका अनुरोधलाई लगातार अस्वीकार गरिएको छ ।" उनले थपे, "गाजामा रहेका युरोपेली अस्पतालमा २२ हजार मानिसहरूले आश्रय लिएका छन् भने त्यहाँ पनि स्वास्थ्य सामग्रीहरू अपर्याप्त भएका छन् । रोगहरू फैलिने खतरा बढिरहेको छ ।" स्वास्थ्यकर्मीहरूले बिरामी र उनीहरूका आफ्नै परिवारको हेरचाहमा सन्तुलन कायम गर्न अथाह चुनौतीहरूको सामना गरिरहेका छन् । कतिपय स्वास्थ्यकर्मीले तीन महिनादेखि लगातार काम गरिरहेका छन् । खान युनिस शहरको अल नासिर अस्पताल एउटा मात्रएम्बुलेन्समा सीमित बनेको छ र बिरामीहरूलाई गाडामा बोक्नुपर्ने बाध्यता रहेको छ ।

खान यूनिसमा रहेका ४०० बिरामी हेर्न विशेषज्ञको अभावका कारण अस्पतालको पर्याप्त हेरचाह गर्ने क्षमता जोखिममा परेको छ । गम्भीर स्वास्थ्य समस्याहरू मानवीय सङ्कट स्वास्थ्य सेवाको पहुँचभन्दा बाहिर गएको छ । खाद्य असुरक्षा र पानी प्रदूषणले सङ्क्रामक रोगहरूको फैलावटको लागि उर्वर भूमि सिर्जना गरेको छ ।गाजास्थित डब्लुएचओका प्रतिनिधिले चिन्ताजनक तथ्याङ्कहरू उद्धृत गर्दै भनेका छन्, "दुई लाख ४५ हजारभन्दा बढी श्वासप्रश्वाससम्बन्धी सङ्क्रमणका घटनाहरू, पाँच वर्षमुनिका बालबालिकाहरूमा पखालाका एक लाख ६० घटनाहरू, र लगभग ७० हजार छाला र अन्य समस्या रहेको देखिएको छ ।" गाजामा सीमित खाद्यान्न वितरणका कारण कुपोषण एउटा महत्वपूर्ण चिन्ताको विषय बनेको छ ।

पिपरकोर्नले ३४२ आक्रमणमा ६२७ जनाको मृत्यु भएको र ७८३ जना घाइते भएका छन् । हाल ६१ जना स्वास्थ्यकर्मीलाई हिरासतमा लिइएको छ, जसले पहिलेदेखि नै समस्याग्रस्त स्वास्थ्य सेवा प्रणालीलाई थप जटिल बनाएको छ ।डब्लुएचओ गाजास्थित उपशाखाका प्रमुख अहमद दाहिरले खाना र सुरक्षाको खोजीमा हजारौं मानिस राफातर्फ पलायन भइरहेको र खानाको अभावका कारण धेरै दुब्लो र कमजोर देखिएको बताए । बिरामी र घाइतेहरूले पर्याप्त स्वास्थ्य सेवा पाउन सङ्घर्ष गरिरहेका छन् तर वरिपरिको तनावले प्रमुख चिकित्सा सुविधा, बिरामी र स्वास्थ्य सेवा प्रदायकहरूको पहुँचमा बाधा पुर्याएको उनले बताए ।

## 'कुहिएर जान्थ्यो स्याउ,........................

अनुसार सिमसारको मुख्य तीनवटा महत्व छन् । पहिलो, सिमसारले 'प्रकृतिको मिर्गौला' को रूपमा कार्य गर्छ । दोस्रो, सिमसारले माछा लगायत विभिन्न खाना उपलब्ध गराउने भएकाले 'जैविक सुपरमार्ट' जस्तै छ । र; तेस्रो, सिमसारले बाढी नियन्त्रण, खानेपानी भण्डारण गर्ने 'प्राकृतिक सिभिल इन्जिनियर' को भूमिका खेल्ने गर्दछ ।सिमसारका यी बहुआयामिक लाभहरूबारे आम सर्वसाधारणमा पर्याप्त जानकारी पुगेको छैन ।

फेब्रुअरी २ तारिख सिमसार संरक्षणमा जनचेतना जगाउने उपयुक्त अवसर हो ।

विडम्बना, सिमसार दिवसको अवसरमा नेपालमा सरकारी तथा गैरसरकारी संस्थाहरूको विरलै गतिविधिहरू हुने गरेको छ । बदलिंदो सन्दर्भमा सिमसारजलवायु परिवर्तन वर्तमान विश्वको प्रमुख मुद्दा बनेको छ ।

हरेक वर्ष संसारभरिबाट राजनेता, वैज्ञानिक, अभियन्ता लगायत हजारौं विशिष्ट व्यक्ति भेला भई कोप सम्मेलनमा सहभागी हुन्छन् । त्यहाँ सिमसारको विषय जोडिएर आउने गर्छ । जैविक विविधता, जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण, जलवायु अनुकूलन, पानीको उपलब्धता, स्थानीय अर्थतन्त्र, आदिवासीहरूको जनजीविका र अन्य धेरै कुराहरूमा सिमसारको योगदान रहन्छ ।तसर्थ, राष्ट्रिय सिमसार नीति, २०६९ लाई जलवायु परिवर्तनको बदलिंदो सन्दर्भमा परिमार्जन आवश्यक भइसकेको छ ।

संयुक्त राष्ट्रसंघलाई पेश गरिने जलवायु सम्बन्धी नेपालको राष्ट्रिय प्रतिबद्धता पत्र (एनडीसी) मा सिमसारलाई उचित स्थान दिइनुपर्छ । नेपालले हिमालका मुद्दा उठाउँदै गर्दा विश्वसामु सिमसारमा नेपालको हविगत उदाङ्गो नहोस् । राष्ट्रिय सिमसार नीति, २०६९ ले हाल तीन तहको संघ, प्रदेश र पालिकाको संरचनासँग सामञ्जस्य राख्दैन ।

सिमसार संरक्षणमा स्थानीय तहको भूमिका र जनसहभागिता अति महत्वपूर्ण छ । यसलाई नयाँ सिमसार नीतिले समेट्नु जरूरी छ । राष्ट्रिय ताल संरक्षण विकास समिति जस्ता सरकारी निकायलाई अधिकार र स्रोतसाधन दिई नतिजामुखी बनाउने कि खारेज गरी अर्को उपयुक्त व्यवस्था गर्ने भन्ने नीतिनिर्माण तहमा छलफल हुन आवश्यक छ ।सिमसार संरक्षणको नाममा जथाभावी भौतिक संरचना र वातावरण अमैत्री कार्यहरू स्थानीयस्तरमा धेरै ठाउँमा देखिन थालेका छन् ।

यसलाई नियमन गर्ने र आवश्यक भए स्थानीय समुदायलाई प्राविधिक सरसल्लाह दिने निकायको खाँचो छ ।सिमसार सम्बन्धी नेपालमा खासै प्राज्ञिक अनुसन्धान नभएको, जेजति भएको छ, त्यो पनि छरिएर रहेको, एकै प्रकृतिका अध्ययन दोहोरिएको र अनुसन्धानको नतिजालाई कार्यान्वयनमा ल्याउन नसकिएको प्रा.डा. शिवाकोटीको कथन यहाँ विचारणीय छ ।

बदलिंदो सन्दर्भमा सिमसार सम्बन्धी अन्य सवालहरू पनि हुनसक्छ। यी सबै सवालहरूलाई समेट्ने गरी सिमसारको नयाँ नीति तथा कार्यक्रमहरू आओस्, मानव कल्याण होस् । विश्व सिमसार दिवस २०२४ को शुभकामना !मिलन मनुवा दाहालभ्रमणमा रुचि भएका मिलन मनुवा दाहाल प्रकृति र समाजबारे अध्ययन गर्न र लेख्न मन पराउँछन् ।

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश
National DAILY दैनिक
जि.प्र.का.दर्ता ७८/२०७५/७६

# मानव अधिकार आयोगको विज्ञप्तिले उपेन्द्र यादव खुसी प्रभु साह दुःखी



**काठमाडौँ ।**

यतिखेर सामाजिक सञ्जालमा राष्ट्रिय मानवअधिकार आयोगको एउटा विज्ञप्ति भाइरल भइरहेको छ । सो विज्ञप्तिका कारण उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपालका नेताहरू खुसीयाली मनाइरहेका छन् भने प्रभु साह नेतृत्वको आम जनता पार्टीका नेताहरू दुःख व्यक्त गरिरहेका छन् । आयोगले मानवअधिकार उल्लङ्घनका दोषीहरूलाई कारबाहीका लागि सिफारिस गरेको छ ।

आयोगले ३२ जना नेपाल प्रहरीलाई कारबाहीका लागि सिफारिस गरेको छ भने राष्ट्रिय अनुसन्धान, नेपाली सेना र सशस्त्र प्रहरीका एक-एक जना, निजामती कर्मचारीका १२ जना, तत्कालीन नेकपा माओवादीका १० जनालाई कारबाहीका लागि सिफारिस गरेको छ। कारबाहीका लागि सिफारिस भएका तत्कालीन माओवादी नेताको नामावलीमा प्रभु साहको नाम पनि रहेको छ ।

उनले अहिले आफ्नै नेतृत्वमा आम जनता पार्टी गठन गरेका छन्। गौर घटनाका मुख्य दोषीको रूपमा आयोगले कारबाहीका लागि प्रभु साहको नाम सिफारिस गरेको हो भन्ने बुझाई जसपा नेपालको रहेको छ । उक्त पार्टीका नेताहरूले सो विज्ञप्तिलाई सामाजिक सञ्जालमा सेयर गर्दै प्रभु साहलाई कारबाहीको माग समेत गरिरहेका छन्। जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवको सचिवालयले प्रभु साहलाई अविलम्ब पक्राउ गरी जेल हाल्न आग्रह गरेको छ । अध्यक्ष यादवको सचिवालयले शुक्रवार एक प्रेस नोट सार्वजनिक गर्दै सो आग्रह गरेको हो । गौर घटनाका मुख्य दोषी उपेन्द्र यादव भएको र उनलाई कारबाही हुनुपर्छ भन्दै गरिएको आन्दोलनमा साहले सहयोग गरेका थिए। त्यसलगत्तै आन्दोलनकारी र सरकारबिच भएको सम्झौतामा गौर घटनाको फाइलमाथि छानबिन गर्ने सहमति भएको थियो। सो घटनामा यादव दोषी भएको र कारबाही हुनुपर्ने माग गर्दै आएका प्रभु साहलाई मानवअधिकार आयोगले कारबाहीका लागि सिफारिस गरेपछि जसपाका नेताहरू खुसी देखिन्छन् ।

यादवको सचिवालयले भनेको छ, 'राष्ट्रिय मानव अधिकार आयोगको विज्ञप्तिले प्रस्ट भइसक्यो, गौर घटनाको मुख्य अभियुक्त को हो । प्रभु साह अपराधी हुन् । आयोगले नामै तोकेर गौर घटनाको मुख्य अपराधी किटान गरिसकेका साहलाई सरकारले तत्काल पक्राउ गरी कारबाही प्रक्रिया अघि बढाउन ढिलाइ गर्न हुन्न ।'

सचिवालयको विज्ञप्तमा भनिएको छ : 'गौर हत्याकाण्ड मच्चाएका यी तिनै साह हुन्, जसले आफ्नो अपराध कर्म ढाकछोप गर्न जसपाका निर्दोष नेता कार्यकर्तालाई फसाउन कुनै हत्कन्डा बाँकी राखेनन् । सूर्यलाई हत्केलाले छेक्न असम्भव भए जस्तै समय लाग्न सक्छ तर भ्रम छर्दैमा यथार्थ एक दिन बाहिर आउँछ नै ।'

आयोगले विज्ञप्ति मार्फत नै गौर घटनाको सत्यता र अभियुक्तहरू प्रस्ट पारिसकेकोले साहले कुनै पनि हालतमा उन्मुक्ति पाउने नहुने सचिवालयको विज्ञप्तिमा उल्लेख छ । साहलाई अविलम्ब पक्राउ गरी जेल हाल्न समेत सचिवालयले आग्रह गरेको छ ।

यता, आजपाका अध्यक्ष प्रभु साहले दोषी पुष्टि गर्न मानवअधिकार आयोगलाई चुनौती दिएका छन् । उनले भनेका छन्, 'मैले कुन घट्नामा कहिले र कसको मानवअधिकार उल्लङ्घन गरेको छु ? घट्नाको सत्य, तथ्य सार्वजनिक गर ।'

बिना आधार कसैको चरित्र हत्या गर्नु आफैँमा मानवअधिकारको उल्लङ्घन रहेको भन्दै उनले मानव अधिकारजस्तो सम्मानित संस्थाको पदमा बसेर पूर्वाग्रह साध्ने, कुण्ठा पोख्ने र जनतालाई भ्रमित पार्ने कार्य आफैँमा आपराधिक कार्य रहेको उल्लेख गरेका छन् । यस कार्यमा संलग्न आयोगका पदाधिकारीहरूले आफ्नो कमजोरी तत्काल नसच्याए आयोगउपर कानुनी लडाइँ लड्न बाध्य हुने चेतावनी समेत साहले दिएका छन् ।

## खेल खबर

# आर्मीलाई हराउँदै पुलिसले जित्यो प्रधानमन्त्री कपको उपाधि

२० माघ, काठमाडौं ।

नेपाल पुलिस क्लबले अपराजित रहँदै छैटौं संस्करणको प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय प्रतियोगिताको उपाधि जितेको छ ।पुलिसले शनिबार फाइनलमा त्रिभुवन आर्मी क्लबलाई ६ विकेटले हराउँदै तेस्रो पटक उपाधि जितेको हो । विजेता पुलिसले १० लाख र उपविजेता आर्मीले ५ लाख रुपैयाँ प्राप्त गर्नेछन् ।त्रिवि क्रिकेट मैदानमा १८२ रनको लक्ष्य पछ्याएको पुलिसले ३७.५ ओभरमा ४ विकेट गुमाउँदै पूरा गऱ्यो । पुलिसको जितमा शंकर रानाले ४३ बलमा ५ चौका र ४ छक्कासहित ६२ रनको अविजित इनिङ खेले । जितको लागि ६ रन चाहिँदा उनले कुशल मल्ललाई स्टेटमा छक्का हान्दै खेल अन्त्य गरेका थिए ।

आरिफ शेख ५४ बलमा १ चौका र १ छक्कासहित २७ रनमा नटआउट रहे ।पुलिसले ओपनर दीलिप नाथलाई ७ र कुशल भुर्तेललाई १४ रनमै गुमाएको थियो । तेस्रो विकेटका लागि अर्जुन साउद र अमित श्रेष्ठले ५९ रनको साझेदारी गर्दै जित सहज बनाएका थिए। अमित ५१ बलमा २ चौकासहित २८ रनमा आउट भए ।अमितको ८ रनमा विवेक यादवले क्याच छाडेका थिए। अर्जुन ५८ बलमा ४ चौकासहित ३६ रनमा आउट भए । आर्मीका जितेन्द्र मुखिया, कुशल मल्ल, साहब आलम र बसिरअहमदले १-१ विकेट लिए ।टस हारेर पहिला ब्याटिङ गरेको आर्मी ४९.५ ओभरमा १८१ रनमा अल आउट भएको थियो । आर्मीका अलराउन्डर विवेक यादवले ८१ बलमा ७ चौका र १ छक्कासहित ६३ रन बनाएपनि जितको लागि पर्याप्त हुन सकेन। तीव्र गतिका बलर सोमपाल कामीले ५८ बलमा १ चौका र १ छक्कासहित ३९ रन बनाए ।एक समय ६९-७ को अवस्थामा पुगेको आर्मीलाई आठौं विकेटका लागि सोमपाल र विवेक यादवले ५९ रनको महत्वपूर्ण साझेदारी गरेका थिए। अन्तिम विकेटका लागि विवेकले जितेन्द्र मुखियासँग ४२ रनको साझेदारी गरेका थिए। जितेन्द्र ११ बलमा २ रनमा नट आउट रहे ।स्पिनर सहयोगी पिचमा आर्मीका शीर्ष र मध्यक्रमका ब्याटर धेरै समय क्रिजमा टिक्न सकेनन् । चोभार एन्डबाट आएका स्पिनर ललितनारायण राजवंशीले शीर्ष तीन ब्याटरलाई आउट गर्दै दबाबमा राखेका थिए। पाँचौं ओभरको पहिलो बलमा ललितले सन्तोष कार्कीलाई ६ रनमा बोल्ड आउट गरे ।भीम सार्कीलाई अर्को ओभरमा ५ रनमा एलबीडब्लू आउट गरे । सातौं ओभरको अन्तिम बलमा सन्दीप रजालीलाई ललितले शून्यमा बोल्ड आउट गरेपछि आर्मी ७ ओभरमा १९-३ को अवस्थामा पुगेको थियो ।

दशौं ओभरको तेस्रो बलमा कप्तान विनोद भण्डारी २ रनमा कट एन्ड बोल्ड आउट भए । करण केसीको बलमा उनी क्याच आउट भएका थिए ।कुशल मल्ल ३२ बलमा २ चौकासहित १७ रनमा आउट भए। उनी सागर ढकालको बलमा एलबीडब्लू आउट भएका थिए । बसिर अहमद दीपेन्द्रसिंह ऐरीको बलमा एजलागेरविकेटकिपर अजुन साउदबाट १ रनमा क्याच आउट भएपछि आर्मी २०.४ ओभरमा ६०-६ को अवस्थामा पुगेको थियो । ओपनर इमरान शेख स्वीप खेल्ने क्रममा डीप स्क्वायर लेगमा शंकर रानाबाट २२ रनमा क्याच आउट भए। उनले ६६ बलमा १ चौका र १ छक्का हाने । पुलिसका स्पिनर ललितनारायण राजवंशीले १० ओभरमा २ मेडनसहित २१ रन खर्चेर ३ विकेट लिए । दीपेन्द्रसिंह ऐरीले ९ ओभरमा ३१ रन खर्चेर ३ विकेट लिए। सागर ढकाल, करण केसी र कुशल भुर्तेलले १-१ विकेट लिएका थिए ।प्रधानमन्त्री कपको उपाधि पुलिसले तेस्रो पटक जितेको हो। यसअघि सन् २०१७ मा आर्मीसँग संयुक्त रुपमा बाँडेको थियो र २०१९ मा उपाधि जितेको थियो ।पुलिस लिग चरणमा सबै ९ खेलमा विजयी भएको थियो। आर्मीले भने प्रधानमन्त्री कपमा लगातार छैटौं पटक फाइनल खेलेको हो । आर्मीले २०१७ मा पुलिससँग बाँडेको थियो। २०२१ मा उपाधि जितेको थियो ।

## शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं

- दिसापिसाब शौचालयमा मात्र गरौं, खुल्ला स्थानमा दिसापिसाब नगरौं।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले हात धोऔं।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।
- सफा कपडा वा तौलियाले हात पुछौं।

जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं।

परवानीपुर गाउँपालिकाको कार्यालय बारा द्वारा जनहितमा जारी सन्देश

## जाडोको समयमा चिसो बाट बचौ ।

- जाडो बाट बच्न तातो, पोषिलो तथा झोलिलो खाने कुरा खाऔं।
- न्यानो कपडा लगाऔं।
- घर तथा कोठा न्यानो बनाऔं।
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं।
- बालबालिकालाई तेल मालिस गरिदिऔं।
- बढी चिसोमा मर्निङ्ग वाक नगरौं।
- चिसोमा बाहिर हिड्दा बाक्लो कपडा लगाऔं।
- दैनिक घाम ताप्ने गरौं।

माहागढिमाई नगरपालिकाको कार्यालय ,बरियारपुर ,बारा